# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिडरी ,पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९/०८०
च.नं. :- 2200

मिति : २०८०/०२/१६

## गरिब परिवारको प्रारम्भिक सूची प्रकाशन सम्बन्धमा ।

प्रथम पटक प्रकाशित (२०८०/०२/१६)

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाडौं द्वारा यस बहुदरमाई नगरपालिका सँगको समन्वय तथा सहकार्यमा संचालित गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस नगरपालिकामा गरिब परिवार पहिचान गर्ने सम्बन्धमा यस नगरपालिकाबाट मिति २०७७/११/२८ गते तथ्याङ्क संकलन तथा विश्लेषण गरी प्रारम्भिक रुपमा पहिचान भएका गरिब घरपरिवारहरुको सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ । उक्त सूची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासो सम्बोधन गरि गरिब परिवार सूची स्वीकृत हुने र परिचयपत्र जारी गरिने भएकोले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा गुनासो दर्ता गर्न आउन हुन समेत यसै सूचना मार्फत सुचित गराईन्छ ।

**गुनासो दर्ता गर्ने आधार :**

| | |
|---|---|
| गरिबमा पर्नुपर्ने तर नपरेको अवस्थामा : | सम्वन्धित परिवारको १८ वर्ष उमेर पुरा भएको व्यक्तिले अनुसूची- २ अनुसारको ढाँचामा आफ्नो विवरण भरेर निवेदन दिने । ............. |
| गरिबमा परेको तर नपर्नुपर्ने अवस्था लागेमा : | सम्बन्धित स्थानीय तहमा बस्ने जो सुकै व्यक्तिले अनुसूची- ३ अनुसारको ढाँचामा आफ्नो विवरण भरेर निवेदन दिने ।.......... |
| गरिवको एक बर्गमा परेको तर अर्को बर्गमा पर्नु पर्ने भन्ने अवस्थामा : | सम्बन्धित व्यक्तिले अनुसूची-३ कै ढाँचामा फाराम भरेर निवेदन दिने । |
| मेरो नाम गरिबमा पर्यो तर म गरिबको सूचिमा बस्न चाहन्न भन्ने अवस्थामा : | सम्बन्धित घरपरिवारको मुलीले अनुसूची ४ बमोजिमको ढाँचामा फाराम स्वघोषणा भरेर निवेदन दिने । |

**सम्पर्क व्यक्ति :**

१. पन्नालाल साह तेली
सम्पर्क नं. ९८४५१००९८१
२.सम्बन्धित वडा कार्यालय

..................
महमद शेरे मुस्तफा
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ :**

श्री भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार काठमाडौं- जानकारीको लागि

श्री वडा कार्यालय वडा नं. १ देखि ९ सम्म गरिब परिवारको प्रारम्भिक सूची वडा कार्यालयमा रहेको सूचना पाटीका साथै मुख्य मुख्य सार्वजनिक स्थानहरुमा टाँस गर्नुहुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, बीरगंज, पर्सा- जानकारीको लागि

नोट : माथि उल्लेखित गुनासोहरु अनुसूची -१ बमोजिमको सुचकमा आधारित पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्न सकिनेछ । साथै सूचनामा उल्लेखित सम्पूर्ण अनुसूचीहरु यस कार्यालय, बहुदरमाई न.पा. को बेवसाईट www.bahudarmaimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

CamScanner